मिति २०७६।०८।१९

**छलफलका लागी पेश भएका प्रस्तावहरु**

१. स्वास्थ्य संस्था नभएका वडाहरुमा अधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण सम्वन्धमा ।

२. गाडी भाडा सम्वन्धमा ।

३. विभिन्न धर्म संस्कृतीको कार्यक्रम संचालन गरेको रकम भुक्तानी सम्वन्धमा ।

४. कानुनी सल्लाहकार नियुक्ति गर्ने सम्वन्धमा ।

५. बर्थिंग सेन्टर सहितको स्वास्थ्य चौकी भवन निर्माण सम्वन्धमा ।

६. क्रसर मिल सम्वन्धमाा ।

७. आर्थिक सहयोग सम्वन्धमा ।

**निर्णय नं. १**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको स्वास्थ्य संस्था नभएका वडाहरुमा अधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण सम्बन्धि प्रस्तावमा छलफल गर्दा स्वास्थय तथा जनसंख्या मन्त्रालय च.नं. २०० मिति २०७६।०८।०८ गतेको पत्र अनुसार स्वास्थ्य संस्था नभएका वडाहरुमा भवन निर्माण तथा संचालनको लागि प्राप्त भएको बजेटबाट देहाय बमोजिमको वडाको निम्न स्थानमा जग्गा बन्दोवस्त गरी भवन निर्माण गर्ने र उक्त भवन निर्माण सम्वन्धी काम ठेक्काबाट संचालन गर्ने निर्णय गरियो ।

| क्र.सं. | वडा नं | स्थान | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. ४ | मा.वि. हरैयाको पुर्व विद्यालयको जग्गामा रामबाबुको घर देखि पश्चिम र विरेन्द्रको जग्गा देखि पुर्व र वार्ड कार्यालय देखि उत्तर | |
| २ | वडा नं. ५ | मजुर्वा बजार देखि उत्तर पट्टी | |
| ३ | वडा नं. ७ | पच्छगछिया प्रावि पुर्व | |
| ४ | वडा नं. ८ | इन्द्रपुर कल्पना नेपालीको घर जाने बाटोको पश्चिम पट्टी सार्वजनिक जग्गामा | |

**निर्णय नं. २**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको गाडी भाडा सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको नगर उपप्रमुख ज्युले कामको सिल सिलामा गाडी भाडामा

हरिपुर नगरपालिका, सर्लाही

लिई प्रयोग गरेको गाडी भाडाको १ महिनाको रकम रु. १,२०,०००।०० (एक लाख विस हजार) सवारी धनी राजिव साहलाई भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको विभिन्न धर्म संस्कृतीको कार्यक्रम संचालन गरेको रकम भुक्तानी सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिका अन्तर्गत विभिन्न वार्डहरुमा देहायका धर्म संस्कृति कार्यक्रम संचालन गरे बमोजिम चौथो नगर सभाको पेज नं. ३७ को ५१ मा धार्मीक तथा सांस्कृतिक संस्था सहायताबाट र वडा नं. ३ को पेज नं. ४१ मा चालु खर्चको २ मा धार्मीक सांस्कृतिक विकास (छट गढीमाई, वारमी रवियौल) बाट भुक्तानी गर्ने निर्णय गरियो ।

| क्र.सं. | वडा नं. | कार्यक्रमको नाम | रकम रु. | भुक्तानी दिनेको नाम |
|---|---|---|---|---|
| १ | ६ | छट पर्वको भिmम खोला र नहरमा | १,००,००० | सरोज साह कानु |
| २ | ६ | वार रवियौल (मो. पैगम्वर जन्म दिवश) | १,००,००० | जिसान अहमद |
| ३ | ३ | गढीमाई पुजाको लागि | २,००,००० | उपभोक्ता समिति |
| ४ | ३ | वार रवियौल (मो. पैगम्वर जन्म दिवश) | ८०,००० | उपभोक्ता समिति |
| ५ | ३ | छट पर्वको भिmम पुरानो धार र छट पर्वको भिmम नदी नयाँ धार | ८५,००० | उपभोक्ता समिति |
| ६ | ३ | कृष्णाष्टीम पर्व | २५,००० | उपभोक्ता समिति |
| ७ | ३ | श्री पञ्चमी पर्व | ६०,००० | उपभोक्ता समिति |

**निर्णय नं. ४**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको कानुनी सल्लाहकार नियुक्ति गर्ने सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस हाल काम गरिरहनु भएका कानुनी सल्लाहकारको कार्य सम्पादन स्तर राम्रो नभएको हुँदा अगामी पौष १ गते देखि मलगंवा नगरपालिका-३, सर्लाही बस्ने अधिवक्ता भिखारी मंसुरलाई कानुनी सल्लाहकारमा नियुक्ति गर्ने निर्णय गरियो । साथै पारिश्रमिक रकम रु. २५,०००।०० ( पचिस हजार मात्र) मासिक दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको बर्थिंग सेन्टर सहितको स्वास्थ्य चौकी भवन निर्माण सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको वडा नं. ९ पिडारीमा ७ कठा जग्गा आफ्नो नाममा भएको हुँदा तथा स्वास्थ्य चौंकीको आफ्नो भवन नभएको हुनाले बर्थिंग सेन्टर सहितको स्वास्थ्य चौंकी निर्माणको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग माग गर्ने निर्णय गरियो ।

मिति २०७६।०८।१९

**निर्णय नं. ६**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको क्रसर मिल सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिका वडा नं. ८ मा प्रोप्राइटर चन्द्रीका साहले संचालन गरी रहेको क्रसर मिल गैर कानुनी तरिकाले संचालन गरेको जनगुनासो आएकोले सो उद्योगले जनस्वास्थ्यमा प्रतिकुल असर गरिरहेको यस नगरपालिकाले पनि महसुस गरिरहेको हुनाले उक्त क्रसर उद्योग बन्द गर्न सम्वन्धीत निकायमा लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ७**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको आर्थिक सहयोग सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिका वडा नं. ८ श्री मित्रलाल श्रेष्ठलाई मुटु सम्वन्धी रोग लागेकोले उक्त रोग उपचारको लागी आर्थिक सहायता रकम रु. १०,०००।०० भुक्तानी गर्ने निर्णय गरियो ।

हरिपुर नगरपालिका, सर्लाही